जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १९९ | २०७८ साल फागुन २६ गते बिहीबार (10 Mar. 2022 Thursday) | मूल्य रु. ५/-

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : डम्फु र  भ्यालीबाट फागु... ३ पृष्ठमा : स्काउट फेलोसिपमा लामिछानेको... ३ पृष्ठमा : सुनको मूल्यमा नयाँ रेकर्ड:

# डाक्नेश्वरी नगरपालिका अब आफ्नै भवनमा ५७ कोट्ठे सहितको तीन तल्ले भवन तयार



**दैनिक समाचारदाता राजविराज, २५ फागुन ।**
लामो समयदेखि भाडाको घरमा सञ्चालन हुँदै आएको सप्तरीको डाक्नेश्वरी नगरपालिकाको अब आफ्नै भवन तयार भएको छ । ५ करोड ७० लाखको लागतमा ५७ कोट्ठे तीन तल्ले भवन तयार भएपछि बुधवार त्यसको उद्‌घाटन समेत भएको छ ।

भवन निर्माणकालागि करिब ५ करोड मूल्य बराबरको १० कठ्ठा जग्गा निःशुल्क उपलब्ध गराएका सप्तरीको संसदीय क्षेत्र नं.३ का निर्वाचित प्रतिनिधिसभा सदस्य चन्द्रकान्त चौधरीले नवनिर्मित भवनको बुधवार एक भव्य समारोह बीच उद्‌घाटन गरेका छन् । यसअघि पनि नगरपालिकामा हाटबजार, स्वास्थ्य संस्था, विद्यालय, प्रहरी चौकी, खानेपानी कार्यालय र खेलमैदानका लागि जग्गा दान गरी दानबीरको उपाधी पाएका सांसद चौधरीले आवश्यक परे थप जग्गा समेत दिन तयार रहेको बताए ।

प्रमुख प्रशासकीय अधिकृत रामकिसुन यादवले अतिथीहरुको स्वागत गर्दै नगरपालिकाको आफ्नो भवन नहुँदा विगत लामो समयदेखि प्रति महिना ६० हजार घर भाडा तिरेर कार्यालयको कामकाज सञ्चालन हुँदै आएकोमा अब आफ्नै भवन हुँदा अनावश्यक खर्च घट्नुका साथै सेवा प्रवाहमा सहज हुने बताए । नगर प्रमुख शिवनारायण साहले दाता चौधरीको सम्मान गर्दै नगरवासी सदा उहाँको अभारी रहने बताए ।

उद्‌घाटन समारोहमा प्रदेशसभा सदस्य विदेश्वर यादव 'विक्की', जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश सिंह, रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव, लोसपाका केन्द्रीय सदस्य गजेन्द्र मण्डल, विरेन्द्र साह 'क्रान्ति', जसपाका जिल्ला अध्यक्ष केदार यादव, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य अवधेश झा, महासंघका जिल्ला सचिव चन्दन यादव लगायतले शुभकामना दिँदै नगरपालिकाका आफ्नै भवन तयार हुँदा खर्च घट्ने र नगरवासीले सहज, सरल र छिटो छरितो ढंगले सेवा पाउने विश्वास व्यक्त गरे ।

# वडा कार्यालयको उदघाटन, जेष्ठ नागरिक, एकल महिलालाई सम्मान




**दैनिक समाचारदाता राजबिराज, २५ फागुन ।**
राजबिराज नगरपालिका नगर प्रमुख शंभु प्रसाद यादबले वडा २ को नवनिर्मित भवनको उदघाटन गरेका छन् ।

बुधबार एक कार्यक्रम बिच उनले राजबिराज वडा २ को नबनिर्मित भवनको उदघाटन गरेका हुन् । राजबिराज नगरपालिकाको सहयोगमा कुल ५२ लाख बराबरको लागतमा भवन निर्माण गरिएको वडा अध्यक्ष अरूण यादबले जानकारी दिए।


सो अवसरमा वडाका जेष्ठ नागरिक,एकल महिला,अपांगता भएका हरूलाई दोसल्ला ओढाएर सम्मान गर्नुका साथै उनीहरुलाई छाता र जेष्ठ नागरिकलाई हिडडुल गर्न लौरो वितरण गरिएको छ ।

उदघाटन कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख यादबले वडा २ स्थित निर्माणिधन बस पार्क

***बाँकी अन्तिम पृष्ठमा***



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# योग्य र सक्षम उम्मेदवार चयन जरुरी

स्थानीय तहको निर्वाचन नजिकिदै जाँदा निर्वाचन तयारी संगै “दलबदल” गर्ने क्रम पनि ह्वात्तै बढेको छ ।

टिकट पाउन एक पछि अर्को पार्टीमा प्रवेश गर्ने लहर चल्नु राजनीतीमा अस्वभाविक होइन । तर विगतमा पार्टीले मुल्याँकन गरी दिएको अवसरलाई स्वार्थमा विर्सनु स्वभाविक मान्न सकिन्न ।

अर्को तिर यस्ता अवसरवादीलाई पार्टीले समयमै पहिचान गर्न नसक्नु पनि कमजोरी हो । निर्वाचनको बेला योग्य उम्मेदवार न छानी पार्टीले जस्तो ब्यक्ती उठायो त्यस्तैलाई जिताउँदाको परिणाम यस्तो हुन्छ भन्ने कुरा आगामी निर्वाचनमा पार्टीको जिम्मेवार पदाधीकारी र मतदाता समेतले हेक्का राख्नु जरुरी भएको छ ।

निर्वाचनका बेला असल उम्मेदवार छान्न सकिएन भने त्यसलाई सच्याउन सकिने कुनै पनि कानुनी व्यवस्था पनि छैन ।

तसर्थ निर्वाचनका बेला टिकटका लागी दल परिवर्तन गर्ने व्यक्ती तथा योग्य र सक्षम उम्मेदवारको चयन गर्ने बारे सवै दल सचेत हुनु जरुरी छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# डम्फु र झ्यालीबाट फागु स्वागतः जोगिरा जोगाउन माग

***- सञ्जीतकुमार मण्डल***

जलेश्वर, २५ फागुन (रासस) :

*‘जोगिरा सररर, जोगिरा सररर’*
*‘मिथिलामे राम खेलैया होली, मिथिलामे मिथिलामे हो, मिथिलामे हो, मिथिलामे’*
*‘किनका के सोभे पियरी पितम्बर, किनकाके हाथ अबिर झोली, मिथिलामे’*
*‘सीताजीके सोभे पियरी पितम्बर, रामजीके हाथ अबिर झोली*
*हो मिथिलामे, मिथिलामे राम खेलैय होली, मिथिलामे’*
*‘जोगिरा सररर, जोगिरा सररर’*
*‘रङ्ग बरसे भिगे चुनरबाली रङ्ग बरसे, हो रङ्गबरसे भिगे चुनरवाली रङ्गबरसे ।’*

जलेश्वर नगरपालिका (८ बजराहीका ५० वर्षीय रामदेव महरा दुईतीन दिनदेखि साँझ पर्नेबित्तिकै उत्तरबारी टोलबाट हातमा डम्फु र झ्याली समातेर चोकमा पुग्नुहुन्छ । पछियारी टोलबाट ५५ वर्षीय अरुण पाण्डे, पूर्वारीटोलबाट ६० वर्षीय रामबाबु चौधरी र दक्षिणबारी टोलबाट ४५ वर्षीय पवित्तर साहसहित अन्य व्यक्ति आआफ्ना घर-टोलबाट आएर चोकमा जम्मा हुँदै आएका छन् ।

तराई-मधेशमा अहिले होली पर्व आउन नौ दिन मात्रै बाँकी रहँदा साँझ पर्नेबित्तिकै गाउँगाउँमा डम्फु र झ्याली बज्न थालेको छ भने चारैतिर जोगिराका धुन सुन्न लागिएको छ । चारैदिशाबाट टोलका चोकमा कुनै सभा, सम्मेलन, बैठक, बहस वा छलफल गर्नका लागि यसरीजम्मा हुँदैनन् । बरु आपसी भाइचारा, प्रेम, सद्भाव, सुखदुःख साटासाट गर्न तथा पुस्तौँ चलिआइरहेको जोगिराको संरक्षण र प्रवर्द्धनका लागि अहिले दैनिक रूपमा मानिसहरू साँझतिर जम्मा हुने गरेका छन् ।

बजराही गाउँमा अहिले साँझको सात बज्नासाथ मनलाई मुग्ध बनाउने फागुका गीत सुनिन थाल्छन् । होलैया (जोगिरा गायक) ले एकै स्वरमा लय हालेर गाएको जोगिरा सुन्दा बजराहीका टोल टोलका आआफ्ना घर-आँगनमा बसिरहेका जोकोही पनि प्रसन्न हुन्छन् । होलैयाले हातहातमा ढोल, तासा, मृदङ्ग, डम्फु, झ्याली लगायत बाजा लिएर विभिन्न धुन र सङ्गीत सिर्जना गर्दै शुरु गरेको जोगिरा राति ११/१२ बजेसम्म चलिरहन्छ ।

विभिन्न प्रकारका गीत, चुट्किला, हाँसो, ठट्टा र जिस्काउने तीतामिठा वाक्य र शब्दलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेको भिड लाग्छ । जोगिराका क्रममा हुने नाच र गानमा समेत धेरै जना सहभागी हुने गरेको होलैया जानकी ठाकुरले बताउनुभयो ।

बजराहीको निकै चर्चित जोगिराटोलीमा हिन्दू र मुसलमान दुवै समुदायको समावेशिता रहन्छ । हिन्दूका पर्वमा मुसलमान सहभागी नहुने र मुसलमानका पर्वमा हिन्दूले चासो नदिने सामान्य चलन रहे पनि महोत्तरीको सदरमुकाम जलेश्वरको बजराहीमा धार्मिक, सांस्कृतिक-सामाजिक एकलकाँटेपन हटाइएको छ छ । यहाँ वर्षौंदेखि मुसलमानहरू हिन्दूका पर्वमा र हिन्दू मुसलमानका चाडमा सँगसँगै हुन्छन् ।

बजराहीमा जोगिराको रङ चढेर धुम मचाइरहेका बेला जलेश्वर(७ अनकारमा पनि बर्सेनि जोगिराले धुम मचाउने गर्छ जसमा सर्वसाधारणसहित जनप्रतिनिधि पनि उत्साहजनक रूपमा सहभागिता जनाउने गर्छन् । वडा नं ७ का वडाध्यक्ष रामछबिला यादव स्वयं पनि होलैया हुनुहुन्छ । अहिले वडामा पनि फागुनका अवसरमा जोगिरा गाउनकै लागि युवाहरू देश परदेशबाट आआफ्ना टोल फर्किएका छन् । जोगिराको धुनले अहिले रातभरि गाउँलेलाई नसुत्ने बनाएको स्थानीयवासी बताउँछन् ।

तराई-मधेशसहित सम्पूर्ण देशकै लागि खुसी र उमङ्गको पर्व फागुलाई निम्ता दिन तीन दिनदेखि वडा नं ७ मा ५० भन्दा बढी युवा, बयस्क तथा वृद्धसमेतको संयुक्त टोलीले जोगिरा गाएर पूरै वडालाई नै सङ्गीतमय बनाएको स्थानीयवासी देवेन्द्र कापरले बताउनुभयो । स्थानीयवासी शङ्कर कापरका अनुसार वडाका घरघरमा अहिले कतिबेला साँझ पर्ला र होलैया आएर जोगिरा शुरु गर्लान् भन्ने प्रतीक्षामा महिला, पुरुष तथा बालबालिका र वृद्धवृद्धा बसिरहेका हुन्छन् ।

सम्पूर्ण मिथिलाञ्चलवासीलाई मन पर्ने जोगिरा जलेश्वरमा मात्रै सीमित नभए पिपरा गाउँपालिका वडा नं ७ बनौली गाउँमा पनि निकै धुमधामका साथ गाइने तथा सुन्ने गरिएको स्थानीय सञ्चारकर्मी एवं होलैया ६५ वर्षीय वैद्यनाथ चौधरीले बताउनुभयो ।

स्थानीयवासी सुनिल ठाकुर सो गाउँमा पनि परम्पराकालदेखि जोगिरा गाउने प्रचलन रहेको र यसमा कुनै उमेर समूहले बाधा नपारेको बताउनुहुन्छ । सो गाउँमा एउटै मञ्चमा विभिन्न उमेर समूहका व्यक्ति बसेर जोगिरा गाउने, हाँस्ने, हँसाउने, कथा, कहानी र जीवनका अनुभव साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदरसत्कार र सानालाई स्नेह बाँड्ने काम हुने गरेको ठाकुरले थप्नुभयो ।

कवि कोकिल विद्यापतिको जन्मथलो सो गाउँमा तीनचार दिनदेखि राति होलैयाको भीडले मेला जस्तै लाग्ने तथा उनीहरूले गाउने गीतले गाउँ नै गुञ्जमान हुने गरेको स्थानीयवासी रामशोभित मण्डलले बताउनुभयो । जोगिराकै धुनमा अहिले मनरासिस्वा नगरपालिका( ९ बथनाहा गाउँ पनि रङ्गिएको स्थानीय राजनीतिकर्मी चन्दन दुबेले बताउनुभयो । उहाँले अहिले बथनाहामा पनि कत्ति बेला साँझ पर्ने भन्दै स्थानीय बासिन्दा प्रतीक्षामा हुन्छन् ।

स्थानीयबासी ललिन्द्र दुबे, समिर राय, भोगी कापरसहित थुप्रै होलैयाले ढोल बजाउन, झ्याली पिट्न, हार्मोनियम बजाउन र गीत गाउन सुरु गरेपछि बथनाहा गाउँ गुञ्जायमान हुने गरेको छ । राति अबेरसम्म चलिरहने गीतसङ्गीत र हाँसोठट्टाले दैनिक रूपमै फागु चलिरहेको आभास गराउने गरेको स्थानीयवासी सुधिर राय बताउनुहुन्छ ।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाका प्रत्येक गाउँटोलमा फागुन २० गतेदेखि नै प्रत्येक राति ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलगायत बाजागाजाका साथ जोगिरा गाउन सुरु भएको विभिन्न पालिकाबाट स्थानीयवासीले बताएका छन् । अहिले नेपालका धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा आदि तथा भारतका मधुबनी र दरभङ्गा जिल्लासहित सम्पूर्ण मिथिलाञ्चलमा जोगिरा शुरु भएको हो ।

जोगिराको धुन र लयले गाउँगाउँलाई सङ्गीतमय पारेका बेला जोगिरा गाउनकै लागि अहिले युवा तथा वयोवृद्धलाई घरघरबाट तानेर ल्याई गाउन लगाउने गरिएको जलेश्वर-२ का गोरेबाबा साहले बताउनुभयो । उहाँले जोगिराले एकापसमा भाइचारा, प्रेम, सद्भाव र सुमधुर सम्बन्ध निर्माण गर्ने भएकाले आफूहरूले राति पनि गाउँका चोकचोकमा ठूलो सङ्ख्यामा भेला भएर जोगिरा गाउने गरेको बताउनुभयो ।

प्रायः फागु पर्वभन्दा १५ दिन पहिले शुरु हुने जोगिरा गायन मिथिलाञ्चलका प्रत्येक गाउँटोलमा तीनचार दिनदेखि सुरु भइसकेको छ जुन पर्वको एकदिन पहिलेको रातिसम्म गाइने चलन छ । भारतका बिहार र उत्तर प्रदेश राज्यसँग टाँसिएको सम्पूर्ण मिथिलाञ्चलमा पछिल्लो समयमा भोजपुरी भड्किलो गीत, खुला मदिरा व्यापार र चर्को ध्वनि बजाइने डिजे बाजाको प्रभावले जोगिरालाई कतैकतै खलल पुऱ्याउने कामसमेत हुने गरेको रामगोपालपुर नगरपालिका( ७ का होलैया अनिरुद्ध मण्डलले बताउनुभयो । “स्थानीयवासीले एकजुट भएर एकै लय र स्वरमा आआफ्ना भाषा, सङ्गीत र शब्दमा गाइने जोगिराले परम्परा झल्काउने, सद्भाव बढाउने र जोगिरा समेतलाई संरक्षण गर्न ठूलो मद्दत मिलेको बेला भोजपुरी अश्लील भड्किला गीत, डिजे बाजाको चर्को आवाज र मदिरा सेवनकर्ताको होहल्लाबाट भाँड्ने प्रयास हुँदा नरमाइलो हुने गरेको छ”, उहाँले गुनासो गर्नुभयो ।

जलेश्वर-११ का जोगिरा रामछबिला बिच्छाले परापूर्वकालदेखि चलिआएको जोगिरा गायनले सुरक्षा र संरक्षण पाउनुपर्नेमा जोड दिँदै गाउने बेलामा स्थानीय नगरपालिका तथा गाउँपालिकाका नगर प्रहरीले सुरक्षा दिनुपर्ने र नेपाल प्रहरी टोलीले गाउँगाउँ र बस्तीबस्तीमा गस्ती बढाउनुपर्ने माग गर्नुभयो । उहाँले भन्नुभयो, “अहिले गाउँ गाउँमा रातिको बेला जोगिरा

***बाँकी तीन पृष्ठमा***

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल.** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार बिहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लाटन |
| निगहेट कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कगनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

गेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

वा

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

# स्काउट फेलोसिपमा लामिछानेको अध्यक्षतामा नयाँ कार्यसमिति

काठमाडौं,२४ फागुन(रासस)। नेपाल स्काउट एण्ड गाइड फेलोसिप नेपालको दोस्रो राष्ट्रिय अधिवेशनले श्रीराम लामिछानेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। काठमाडौंमा सम्पन्न अधिवेशनले कार्यसमितिको उपाध्यक्ष द्वयमा तीर्थराज न्यौपाने, मञ्जु अर्याल, बैकुण्ठ मरहठा अन्तरराष्ट्रिय आयुक्त, सचिवमा हरिबहादुर श्रेष्ठ, सहसचिव दिनेश पाण्डे, कोषाध्यक्ष बाबुकाजी डङ्गोल तथा सदस्यमा मुक्तिनाथ ढकाल, जहरसिंह थापा, पार्वती गिरी, आनन्दप्रसाद गुप्ता, दिनेश केसी र राजुराज सिंह रहनुभएको छ।

नेपाल स्काउटको अवकाशपछि आफूले हासिल गरेको अनुभव र ज्ञानलाई सामाजिक क्षेत्रमा लगाउने अवसरको रूपमा फेलोसिप अभियान उपयोगी रहेको अध्यक्ष लामिछानेले बताउनुभयो। उहाँले स्काउटमा आवद्ध हुन चाहनेले राजनीतिबाट अलग रही विशुद्ध सामाजिक सेवाबाट प्रेरित रहेर काम गर्नुपर्दछ भन्नुभयो। सो अवसरमा चालु आर्थिक वर्षको कार्यक्रम र बजेट पारित गर्नुका साथै आगामी वर्षको कार्यक्रम र योजना पनि पारित गरिएको थियो। फेसोसिप अभियानलाई अगाडि बढाउन विभिन्न व्यक्तिले आर्थिक तथा भौतिक सहयोग गर्ने वचन दिनुभएको थियो।

# सुनको मूल्यमा नयाँ रेकर्ड: तोलाको रु एक लाख पाँच हजार ५००

काठमाडौं, २५ फागुन (रासस)। सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य एकैदिन प्रतितोला रु दुई हजार ५०० ले बढेर रु एक लाख पाँच हजार ५०० पुगेको छ। केही दिन देखि बढिरहेको सुनको कारोबार मूल्य आज नेपाली बजारमा हालसम्मकै उच्च बिन्दुमा पुगेको हो। पहेँलो धातु अघिल्लो दिन प्रतितोला रु एक लाख तीन हजारमा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख पाँच हजार तोकिएको छ। जसको मूल्य मङ्गलबार प्रतितोला रु एक लाख दुई हजार ५०० थियो। त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु ४०ले बढेर रु एक हजार ४५० पुगेको महासङ्घले जनाएको छ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा सुन तथा चाँदीका मूल्यमा हुने उतारचढावका आधारमा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ। अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔँस दुई हजार ५० डलर आसपास कारोबार भइरहेको छ।

## छोरा सरह छोरीलाई पनि समान अवसर प्रदान गरौं

*डम्फु...*

गायनको बेला स्थानीय बुद्धीजिवी र युवाहरूले पनि समूह बनाएर खबरदारी तथा सूरक्षाको काम गर्नुपर्ने जरुरी छ।"

आधुनिकताका नाउँमा जोगिरा गायनमाथि भोजपुरी द्विअर्थी, अश्लील र भड्किला गीत, डिजेको चर्को आवाज र खुला मदिरा बिक्री वितरणलाई फागुको एकदिन अघिसम्म प्रतिबन्ध लगाइनुपर्ने जोगिरा जगेर्नाका लागि समय समयमा विभिन्न अभियान सञ्चालन गरिरहनुभएका जलेश्वर( १ का होलैया महादेव दासले बताउनुभयो।

मिथिलाञ्चलका गाउँटोलमा रहेका मठ, मन्दिर, चौतारा, पाटीपौवा, दोबाटो, चौबाटो अहिले सङ्गीतमय बनेका बेला मिथिलामा विभिन्न देवीदेवताको रात्रि आगमनसमेत हुने गरेको मटिहानी नगरपालिका-७ का होलैया एवं राजनीतिकर्मी राजकिशोर मण्डल बताउनुहुन्छ। जोगिराको संरक्षण, संवर्द्धन तथा जगेर्नाका लागि स्थानीय जनप्रतिनिधि र प्रशासनले विशेष ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

'जोगिरा' मिथिलाञ्चलसहित सम्पूर्ण देशकै धरोहर एवं सम्पत्ति रहेको नेपाल पत्रकार महासङ्घ महोत्तरीका अध्यक्ष कमलेश मण्डल बताउनुहुन्छ। इतिहासर र पूर्वजको सम्मान तथा भविष्य एवं हाम्रा सन्ततिका लागि भए पनि जोगिराको संरक्षण गर्नुपर्ने उहाँको धारणा छ। "प्रत्येक मिथिलावासी, स्थानीय तह, जनप्रतिनिधि, सुरक्षा निकाय र धार्मिक, सांस्कृतिक एवं पुरातत्वसम्बन्धी निकाय पनि होली र मौलिक परम्परा बचाउन उत्तिकै उत्तरदायी तथा जवाफदेही बन्नुपर्छ", उहाँले भन्नुभयो।

# विश्व समाचार

## चिनियाँ र पाकिस्तानी विदेशमन्त्री फोनवार्ता

बेइजिङ, २५ फागुन (रासस/सिन्ह्वा)।

चिनियाँ र पाकिस्तानी विदेशमन्त्रीबीच फोनवार्ता भएको छ। चिनियाँ विदेशमन्त्री वाङ यी र पाकिस्तानी विदेशमन्त्री साश मोहमद कुरेसीबीच फोनवार्ता भएको बताइएको छ।

उहाँहरुबीचमा मंगलबार फोनमा कुराकानी भएको चिनियाँ सञ्चारमाध्यमले जनाएका छन्।

त्यस फोनवार्ताका क्रममा चिनियाँ विदेशमन्त्री यीले हालै पाकिस्तानको पेसावरमा भएको आतङ्ककारी हमलाको कडा शब्दमा निन्दा गर्नुभएको बताइएको छ।

त्यस्तै उहाँहरुबीचमा चीन पाकिस्तान द्विपक्षीय सम्बन्धका साथै अन्य सहयोग आदानप्रदानका विषयमा कुराकानी भएको थियो।

त्यस वार्ताका क्रममा पाकिस्तानी प्रधानमन्त्री इमरान खानले हालै गर्नुभएको चीन भ्रमण र त्यहाँ उहाँले बेइजिङ ओलम्पिकमा सहभागी हुनुभएका विषयमा पनि कुराकानी भएको थियो।

## खडेरीका कारण इथियोपियामा आठ लाख ४५ हजार मानिस विस्थापित

संयुक्त राष्ट्रसङ्घ, २५ फागुन (रासस/सिन्ह्वा)।

इथियोपियामा खडेरीका कारण ठूलो सङ्ख्याका नागरिक विस्थापित भएका छन्। साथै यहाँका लाखौं पशु चौपाया पनि मरेको बताइएको छ।

संयुक्त राष्ट्रसङ्घले सो कुराको जानकारी दिएको हो। संयुक्त राष्ट्रसङ्घका अनुसार यहाँका आठ लाख ४५ हजार मानिस विस्थपित भएका छन्। उनीहरु खडेरीका कारण खाद्यान्न खोज्ने क्रममा विस्थापित हुन पुगेका संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

राष्ट्रसङ्घीय प्रवक्ता स्टेफन डुजारिकले इथियोपिया सरकारले यसका लागि काम त गरिरहेको तर पनि नागरिक विस्थापित हुने, त्यहाँबाट खाद्यान्न र आश्रयका लागि अन्यत्रै जान लागेका बताउनुभएको छ।

उहाँले यहाँका १५ लाखभन्दा बढी पशु चौपाया पनि मरेको जानकारी दिनुभएको छ। संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीले काम गरिरहेको तर आवश्यक मात्रामा उनीहरुलाई सहयोग पुऱ्याउन नसकिएको पनि राष्ट्रसङ्घले जनाएको छ।

साथै संयुक्त राष्ट्रसङ्घले यहाँका कतिपय स्थानमा मानवीय सहायता वितरण भइरहेको भए पनि सो पर्याप्त नभएको बताएको छ।

इथियोपियाका अधिकांश क्षेत्रमा खडेरीको प्रभाव परिररहेको भन्दै यहाँका ४० लाखभन्दा बढी नागरिक प्रभावित भएको पनि बताएको छ।

## भारतमा कोरोनाभाइरसबाट थप चार हजार ५७५ सङ्क्रमित

नयाँदिल्ली, २५ फागुन (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्कमितको सङ्ख्या दिनप्रति दिन घट्दै गइरहेको भएपनि गत सोमबारको तुलनामा मङ्गलबार केही मात्रामा बढेको पाइएको छ।

भारतमा पछिल्लो २४ घण्टामा थप चार हजार ५७५ सङ्कमित भएका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जानकारी दिएको छ। यद्यपी सोमबार तीन हजार ९९३ जना कोरोना सङ्क्रमित भएका थिए।

योसँगै भारतमा अहिले सङ्कमित अवस्थामै रहेकाको सङ्ख्या भने ४६ हजार ९६२ पुगेको अधिकारीले जनाएका छन्। सक्रिय सङ्क्रमितको यो संख्या कूल सङ्क्रमितको ०.११ प्रतिशत रहेको समाचारमा जनाइएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार सोही अवधिमा सात हजार ४१६ कोरोनाभाइरसबाट सङ्कमणमुक्त भएका छन्। एउटै अवधिमा नयाँ सङ्कमितको सङ्ख्याभन्दा सङ्कमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्कमितको सङ्ख्या पनि घट्दै गइरहेको हो।

भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्कमित भएर पनि सङ्कमणमुक्त भइसकेकाको सङ्ख्या चार करोड २४ लाख १३ हजार ५६६ पुगेको छ।

भारतमा कोरोना भाइरस सङ्क्रमण मुक्त दर ९८.६९ प्रतिशत रहेको समाचारमा जनाइएको छ।

कोरोनाभाइरसका कारण भारतमा अहिलेसम्म पाँच लाख १५ हजार ३५५ को मृत्यु भएको छ। तीमध्ये १४५ को पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

गत मङ्गलबार एकै दिनमा भारतमा आठ लाख ७९ हजार ९०४ को कोरोना परीक्षण गरिएको छ। भारतमा कोरोना शुरु भएबाट हालसम्म ७७ करोड ५२ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भइसकेको छ।

भारत सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयबाट हालसम्म कोरोना भाइरसविरुद्धको एक अर्ब ७९ करोड ३३ लाखभन्दा बढी डोज खोप लगाइएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# ग्रामीण सडकमा यातायात: गाउँ जाँदा खचाखच,फर्किदा रित्तै

गलेश्वर, २५ फागुन (रासस)।

देशका विभिन्न सहरबाट म्याग्दीको सदरमुकाम बेनी आउने र बेनीबाट जिल्लाका विभिन्न ग्रामीण भेगमा जाने सवारीसाधन खाद्यान्न, फलफूल, तरकारी, निर्माण सामग्री लगायतका साधनले खचाखच भएर गाउँ जाने भए पनि गाउँबाट फर्किदा भने रित्तै फर्कने गरेका छन्।

जिल्लाभित्र सञ्चालित तीन दर्जन भन्दा बढी ग्रामीण सडकमा आवतजावत गर्ने सवारी साधनमा मानिस कम र उपभोग्य तथा निर्माण सामग्रीका साधन बढी ढुवानी हुने गर्दछन्। गाउँ जाँदा सामानले खचाखच हुने ती सवारी साधन गाउँबाट फर्किदा भने रित्तै फर्किने गरेका यातायात व्यवसायी तथा व्यापारीले बताएका छन्।

जिल्लाको ग्रामीण पछिल्लो पटक व्याबसायिक कृषि र पशुपालनमा उल्लेख्य प्रगति भएको भनिए पनि देखिनेगरी परिणाम आउन नसकेको पाइएको छ। केही वर्षयता विदेशबाट गाउँ फर्किएका युवाले व्यवसायिकरूपमा तरकारी तथा फलफूल खेती, बाखा, कुखुरा र पशुपालन गरेका भए पनि नियमित रूपमा निर्यात गर्नसक्ने अवस्था बनिनसकेकोले गाउँ जाँदा खचाखच भरिएर जाने यातायातका साधन फर्किदा भने रित्तै हुने गरेका उद्योग वाणिज्य सङ्घका भूतपूर्व अध्यक्ष जीवनकुमार विश्वकर्माले बताउनुभयो।

जिल्लाका ग्रामीण भेगमा सडकको पहुँच पुगे पनि थप सुविधाका लागि गाउँ छोडेर सहर पस्ने क्रम बढ्दै गएको स्थानीयवासीले बताएका छन्। "गाउँमा रहेका पुराना घर रित्तै छन्, पछि बनेका घर स्थानीय स्रोतसाधनको प्रयोग नगरी रड र सिमेन्टको प्रयोगबाट पक्की घर निर्माण हुँदै छन्" धौलागिरि गाउँपालिका ६ का इन्दु सुवेदीले भन्नुभयो, "मानिस नबस्ने तर घर भने पक्की बनाउने रहरले गर्दा पनि गाउँमा निर्माण सामग्री लिएर सवारी साधन बढी भित्रिने गरेका र ती साधन फर्किदा रित्तै फर्किने गरेका उहाँको भनाइ छ।"

गाउँघरमा घर निर्माण हुने क्रम बढेपनि युवा जनशक्ति भने घट्दै गएको छ। वैदेशिक रोजगार, बसाइँसराइ, जागिर र अध्ययनका लागि ठूलो सङ्ख्यामा युवा गाउँ बाहिर नै रहँदा उत्पादनजन्य कार्य रोकिएका स्थानीय बासिन्दाको भनाइ रहेको छ। म्याग्दीको उत्तरी र पश्चिमी क्षेत्र कृषि, पशुपालन, वनपैदावर र जडीबुटीको भण्डार नै मानिन्छ।

उत्तरी र म्याग्दीका १७ वटा गाउँ उत्पादकत्वको हिसाबले उत्कृष्ट गाउँ मानिए पनि गाउँले अझै पनि बजारबाट ट्याक्टर र जीपमार्फत गाउँमा आउने खाद्यान्न खाएर गुजारा चलाउँदै आएका मालिका गाउँपालिका-२ का श्यामबहादुर विकले बताउनुभयो।

पश्चिम म्याग्दीका रुम, देविस्थान, ओखरबोट, ताकम, मुना, मुदी, बिम, गुर्जा र उत्तरी म्याग्दीका नारच्याङ, शिख, घार, भूरुङ तातोपानी, दोबा, हिस्तानलगायतका गाउँ कृषि उपज र वनपैदावरका लागि अत्यन्त सम्भावनायुक्त गाउँ हुँदाहुँदै पनि यहाँको उत्पादनले नपुगेर गाउँलेले आयातित खाद्यान्न खानुपरेको नारच्याङका टेकबहादुर पुनले बताउनुभयो।

सडक पुगेपछि गाउँलेको आर्थिक अवस्थामा कुनै पनि परिवर्तन नदेखिएको स्थानीयवासीले बताएका छन्। विदेशबाट आफन्तले पठाइदिएको रेमिटचान्सको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा खर्च हुने गरेको पाइएको छ। सहरबाट गाउँमा ट्रक जाँदा सामान भरिएर जाने, र आउदा रित्तै आउने प्रवृत्तिमा कुनै परिवर्तन आउन सकेको छैन। यसले हाम्रो अर्थ प्रणालीको नाजुक अवस्थालाई प्रष्ट पार्दछ।

अझ राजनीतिक दबाबबाट सडक निर्माण गर्ने प्रवृत्तिले सडकको अवस्था पनि कमजोर हुनुले यातायात व्यवसायीले मनलाग्दी भाडा असुल्ने गरेका स्थानीयवासीको गुनासो छ। "सहरबाट गाउँमा लैजाने चिज धेरै हुन्छ, ट्रक, ट्र्याक्टरमा मात्रै होइन बसमा नै पनि सामान हालेर गाउँ लगिन्छ, तर गाउँबाट ल्याउने चिज केही नहुँदा रित्तै फर्किनुपर्छ" यातायात व्यवसायी कमल जिसीले भन्नुभयो "यसरी त गाउँ कहिले पो उँभो लाग्ला र ?"

### वडा...

केही महिना भित्रै सञ्चालनमा ल्याउने प्रतिद्धता समेत जनाए।

मेयर यादबले भने-'सघन शहरी र राजबिराज नगरपालिकाको समन्वयमा नगर भित्र १५ किलो मिटरको सडकमा कालोपत्रे कार्य अन्तिम चरणमा रहेको छ र हटियाको भवन निर्माण कार्य पनि अन्तिम चरणमा रहेकोले चाडै सुचारू हुने छन्।'

कार्यक्रममा पुर्व प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादबले अगामी स्थानिय तहको चुनावमा स्वच्छ, निष्पक्ष र मर्यादित ढंगले निर्वाचन सम्पन्न गराउनु पर्ने जोड दिए।

वडा अध्यक्ष अरूण यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सत्तिश कुमार सिंह, राजबिराज वडा १२ का अध्यक्ष हरिहर यादब, नेपाल पत्रकार महासंघ का सहसचिव चन्दन कुमार यादब, जेष्ठ नागरिक रामदेव यादब, नगरपालिका ईन्जिनियर असोक दास लगायतले शुभकामना दिएका थिए।

# 'अर्थतन्त्रको बिग्रँदो अवस्थामा सुधार ल्याउनुपर्छ'

बिराटनगर, २५ फागुन (रासस)।

मोरङ व्यापार सङ्घले अर्थतन्त्रको विद्यमान अवस्था, कारण र समाधानका बिषयमा सरोकारवालाबीच आज यहाँ छलफल गरेको छ।

अर्थतन्त्रमा परिरहेको आर्थिक चाप, शोधनान्तर घाटा, तरलता अभावलगायतले मुलुकको आर्थिक अवस्था सङ्कटग्रस्त भइरहेको उल्लेख गर्दै उद्योगी व्यवसायीहरूले अर्थतन्त्रको बिग्रँदो अवस्थामा सुधार ल्याउनका लागि सरकारले प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

छलफलमा अर्थशास्त्री डा भेषप्रसाद धमलाले निरन्तर घटिरहेको विदेशी विनिमय सञ्चिति, बढ्दो शोधनान्तर घाटा, घट्दो रेमिट्यान्स, तरलता अभाव र व्यापार घाटालगायत विषयमा तत्काल सुधार ल्यानुपर्नेमा जोड दिनुभयो।

"अहिलेको अवस्थामा अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ", उहाँले भन्नुभयो, "नेपालको आधाभन्दा बढी जनसङ्ख्या कृषिमा आधारित रहेकाले कृषिजन्य उत्पादन र उत्पादकत्वलाई पहिलो प्राथमिकतामा राख्न तथा मुलुकको अर्थतन्त्रलाई आयातमुखीभन्दा पनि निर्यातमुखी बनाउन सक्नुपर्दछ।"

अर्थशास्त्री डा धमलाले सरकार र नेपाल राष्ट्र बैङ्कको अदूरदर्शी र अस्पष्ट नीतिकै कारण मुलुकमा तरलता अभाव देखिएको उल्लेख गर्दै देशको जनशक्ति विदेश पलायन हुनमा सरकारको अस्पष्ट नीति रहेको बताउनुभयो।


दक्ष जनशक्ति अभावका कारण मुलुकको उत्पादनमा असर पुगेको उल्लेख गर्दै उहाँले बैंकको ब्याजदर अत्यधिक वृद्धि हुँदा उत्पादनमासमेत असर पुगेको हुँदा अर्थतन्त्रलाई चलायमान बनाउन करको दायरामा कटौती गर्नुपर्ने, नयाँ नयाँ शीर्षकमा कर सङ्कलन गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्नेमा जोड दिनुभयो।

प्रा डा पिके झाले नेपालका आर्थिक नीति प्रभावकारी हुन नसकेको बताउँदै विनियोजित बजेटको अधिकांश हिस्सा अनुत्पादन क्षेत्रमा खर्च हुने गरेको छ भन्नुभयो। उत्पादनमुखी क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिदैं उहाँले दिगो विकासको मेरुदण्ड नै उद्यमशीलता रहेकाले यसतर्फ राज्य गम्भीर हुनुपर्ने बताउनुभयो।


प्रा डा झाले उद्योग, व्यापार र व्यवसाय क्षेत्र सङ्कटग्रस्त ठाउँमा उभिएको छ भन्नेमा सरकार गम्भीर हुनुपर्नेमा बताउँदै ठूलाभन्दा साना उद्योगलाई प्राथमिकतामा राखेर कार्य अगाडि बढाए मुलुकमा उद्यमशीलताको विकास हुने उल्लेख गर्नुभयो।

उहाँले स्वदेशी प्रविधिलाई प्राथमिकता दिएर कच्चापदार्थको नाममा विदेशिने पुँजीलाई मुलुकमा नै चलायमान बनाउनुपर्ने बताउँदै नेपाल स्रोतसाधन सम्पन्न मुलुक हुँदाहुँदै नेपालको अर्थतन्त्र दुरावस्थामा पुग्नु खेदको विषय हो भन्नुभयो। उहाँले भन्नुभयो, स्वार्थ अनुकुलको निर्णय लिँदा हालको समस्या उत्पन्न भएको छ।"

डा. सन्देशदास श्रेष्ठले यस्ता छलफलले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन सरकारलाई पथप्रदर्शक हुने विश्वास व्यक्त गर्नुभयो। सङ्घका उपाध्यक्ष विकास बेगवानी, महासचिव अनिल सारडा, अमित सारडालगायतले अर्थतन्त्रको विधमान समस्याका विविध पक्षमाथि प्रकाश पार्नुभयो।


अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*